# सिद्धिचरण नगरपालिका,ओखलढुंगा

## सामुदायिक सिकाइ केन्द्र परिचालक पदको छनौट परीक्षाको पाठ्यक्रम

### पाठ्यक्रमको रुपरेखाः

**१. प्रारम्भिक सूचीः**

| पत्र | विषय | पूर्णांक | कैफियत |
|---|---|---|---|
| प्रारम्भिक सूची | क) शैक्षिक योग्यता बापतः | ४० | |
| | १) विशिष्ठ श्रेणी | ४० | |
| | २) प्रथम श्रेणी | ३५ | |
| | ३) द्धितीय श्रेणी | ३० | |
| | ४) तृतीय श्रेणी | २५ | |
| | ख) उम्मेदवारको स्थायी ठेगानाः<br>• सि.न.पा.भित्रको १५ अंक, ओखलढुंगा जिल्ला भित्रको १० अंक र अन्य जिल्लाको लागि ५ अंकका दरले) | १५ | |
| | ग) कार्य अनुभव बापतः<br>• प्रत्येक वर्षको १ अंकका दरले | १५ | |
| जम्मा | | ७० | |

**२. लिखित परीक्षाः**

सामान्य ज्ञान र सेवा सम्बन्धी पाठ्यक्रमः

| विषय | पूर्णांक | उत्तीर्णांक | खण्ड | परीक्षा प्रणाली | प्रश्न संख्या*अंक | समय |
|---|---|---|---|---|---|---|
| सामान्य ज्ञान र सेवा सम्बन्धी | ५० | २० | वस्तुगत | बहुवैकल्पिक प्रश्न (MCQ) | २५ प्रश्न*१ अंक | १ घण्टा ३० मिनेट |
| | | | विषयगत | छोटो उत्तर आउने प्रश्न | ५ प्रश्न*५ अंक | |

**सामान्य ज्ञान र सेवा सम्बन्धी ५० अंक (२५*१=२५, ५*५=२५)**

१) नेपालको भूगोल, शिक्षा, साहित्य, संस्कृति सम्बन्धी सामान्य जानकारी
२) सिद्धिचरण नगरपालिकाको स्थानीय परिवेश तथा भुगोल सम्बन्धी सामान्य जानकारी
३) सामुदायिक सिकाइ केन्द्र सम्बन्धी कानूनी व्यवस्था
४) सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८
५) सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिको गठन, कार्यविधि तथा कार्यकाल
६) सामुदायिक सिकाइ केन्द्रबाट सञ्चालन हुने कार्यक्रम र सेवा
७) सामुदायिक सिकाइ केन्द्र र सामुदायिक सिकाइ केन्द्रको परिचालकको काम कर्तव्य र अधिकार,
८) सामुदायिक सिकाइ केन्द्रको साधरण सभा, बैठक, लेखापरीक्षण र प्रतिवेदन
९) प्रचलित शिक्षा ऐन, २०२८,शिक्षा नियमावली, २०५९ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४



फणिन्द्र बहादुर कटवाल
नि.प्रमुख प्रशासकीय अधिकृत

३. कम्प्युटर सीप परीक्षणः (प्रयोगात्मक)

| क्र.सं. | विवरण | पूर्णाङ्क | उत्तीर्णांक |
|---|---|---|---|
| १. | नेपाली **Type** | ५ | ८ |
| २. | **English Type** | ५ | |
| ३. | **Powerpoint, Excel, MS Word** र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान | १० | |
| | जम्मा | २० | |

४. मौखिक अन्तरवार्ताः ३० अंक (व्यक्तित्व, विषयवस्तुको ज्ञान, प्रस्तुती)

<u>द्रस्टव्यः</u>

१) लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

२) वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरु गलत उत्तर दिएमा गलत उत्तर वापत २० प्रतिशत अंक कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस वापत अंक दिइने छैन र अंक कट्टा पनि गरिने छैन्।

३) विषयगत प्रश्नहरुको हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु सोधन सकिनेछ।

४) वस्तुगत र विषयगत खण्डका प्रश्नका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन्। परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

५) यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरु विज्ञापन प्रकाशन भएको मितिसम्म कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनुपर्नेछ।साथै अन्य कुराहरु प्रचलित कानून तथा नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

६) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई मात्र कम्प्युटर सीप परीक्षण (प्रयोगात्मक) परीक्षामा सहभागी गराइनेछ। त्यसैगरी कम्प्युटर सीप परीक्षण (प्रयोगात्मक) परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई मात्र अन्तरवार्तामा सहभागी गराइनेछ।

फणिन्द्र बहादुर कटवाल
नि.प्रमुख प्रशासकीय अधिकृत